नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक

श्रावण/भाद्र २०८२ (August 2025) वर्ष २८/अङ्क ३२०

## आत्मिक पाकोपन

- पाष्टर शरण राई

येशूलाई प्रभु भनी मनैबाट विश्वास गरेपछि एक व्यक्ति शरीरमा रहेर पनि आत्मिक मानिस बन्छ । ऊ/उनी आत्मिक मानिस भएको नाताले आत्मामा स्वाभाविक रूपमा पाको हुँदै जानुपर्छ, जसरी एक नवजात शिशु जन्मन्छ र बढ्दै जान्छ अर्थात् आत्मिक पाकोपनको विषयमा यसरी पनि भनौँ, हामीसँग सधैँ रहनुहुने पवित्र आत्मा (यूहन्ना १४:१६) को अगुवाइमा परमेश्वरको एक मात्र पुत्र (यूहन्ना ३:१६) ख्रीष्टसम्मै बढ्दै जान (एफिसी ४:१५) अर्थात् एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदै जान (२ कोरिन्थी ३:१८) निरन्तर चलिरहने आत्मिक चाल हो ।

उमेर बाहेक कुनै पनि व्यक्ति सबै विषयमा पूर्ण पाको हुन सक्दैन र **"म पूर्ण पाको भएँ"** भनेर भन्न पनि मिल्दैन । कुनै न कुनै क्षेत्रमा कमजोर हुन्छ नै । यस लेखमा म आत्मिक पाकोपनको कुरा गर्दैछु । भौतिक रूपमा बिताइएको उमेर, विश्वासको उमेर र गरिएको कामले पाकोपनको स्तर निर्धारण गर्ला, तर पूर्ण पाकोपनको आधारचाहिँ ती कुराहरू होइनन् ।

**आत्मिक पाकोपनको विषयमा बुझ्न विशेष यी तीन शब्दहरूलाई ख्याल गर्न सके राम्रो हुन्छ:**

१. **धर्मीकरण:** बाइबल धर्मशास्त्र अनुसार **"कुनै एक व्यक्ति धर्मी हो"** भन्ने परमेश्वरको घोषणालाई धर्मीकरण भनिन्छ । आफ्नै योग्यताको कारणले होइन, तर येशू ख्रीष्टको धार्मिकताको कारण विश्वासद्वारा त्यो व्यक्तिले त्यो घोषणा प्राप्त गर्दछ र परमेश्वरको नजरमा ऊ कहिल्यै पाप नगरेको जस्तो अवस्थामा स्थापित हुन्छ ।

२. **पवित्रकरण:** यो प्रक्रिया धर्मीकरणपछि हुने प्रक्रिया हो । बाइबल धर्मशास्त्र अनुसार पापबाट सफा, शुद्ध वा पवित्र हुने र हुँदै जाने प्रक्रियालाई पवित्रकरण भनिन्छ । पवित्रकरणको प्रक्रिया आत्मिक र शारीरिक (व्यावहारिक) दुवै क्षेत्रमा लागू हुने प्रक्रिया हो ।

३. **महिमाकरण:** यो प्रक्रिया धर्मीकरण र पवित्रकरणपछि हुने प्रक्रिया हो । बाइबल धर्मशास्त्रअनुसार एक व्यक्तिको सम्पूर्ण व्यक्तित्व (आत्मा, प्राण र शरीर, १ थेसलोनिकी ५:२३) को मुक्तिको अन्तिम चरणलाई महिमाकरण भनिन्छ ।

आत्मिक पाकोपनमा बढ्दै जानको लागि जगचाहिँ धर्मीकरण हो । त्यहाँबाट पवित्रकरण हुँदै अन्तिम विन्दुचाहिँ महिमाकरण हो ।

**आत्मिक पाकोपनको लागि आधारभूत आवश्यक कुराहरू:**

१. **प्रार्थना:** १ थसेलोनिकी. ५:१७ - निरन्तर प्रार्थना गर्नु भनेको विश्वासीहरूले दिनमा धेरै पटक प्रार्थना गर्नुपर्छ वा प्रार्थना बाहेक अरू केही गर्नु हुन्न भन्ने होइन । बरु यसको अर्थ यो हो कि विश्वासीहरूले निश्चित समयमा वा विशेष अवसरहरूमा मात्र प्रार्थना गर्नुको सट्टा **"प्रार्थना गरिरहनुपर्छ, प्रार्थना गर्न सधैं तयार रहनुपर्छ ।"** किनकि प्रार्थना भनेको परमेश्वरको नजीक जाने प्रमुख तरिका हो, जुन तरिकाद्वारा उहाँसँग व्यक्तिगत कुराकानी हुन्छ । उहाँसँग व्यक्तिगत समय बिताउने मानिसले उहाँलाई बुझेको हुन्छ र उहाँको इच्छा अनुसार जिउन तयार हुन्छ । मानिससँग नजिक हुनु र परमेश्वरसँग नजिक हुनु फरक कुरा हो । मानिससँग नजीक हुँदै गएपछि साथीजस्तो व्यवहार हुन थाल्छ, तर परमेश्वरसँगको नजीकपनले साथी र मालिक दुवै कुराको महसुस हुन्छ र हुनुपर्छ ।

२. **वचन अध्ययन:** यूहन्ना १:१,१४; प्रकाश १९:१३ अनुसार वचन भनेको **"येशू"** हुनुहुन्छ । येशूलाई विश्वास गर्ने व्यक्तिले येशू पढ्छ र येशूलाई बुझ्छ अनि येशूमा मुक्ति छ, आशिष् छ र इनाम छ भनेर उहाँले देखाउनुभएको बाटोमा हिँड्न तयार हुन्छ ।

३. **संगति:** संगति भनेको मण्डलीसँग सम्बन्धित शब्द हो । येशूको रगतद्वारा स्थापित नयाँ करार (१ कोरन्थी ११:२५) मा मण्डली भनेको **"ख्रीष्टको देह"**, कलस्सी १:१८; एफिसी १:२२-२३ र **"परमेश्वरको परिवार"**, एफिसी २:१९-२२ भनिएको छ ।

१ कोरिन्थी १२:१२,१४ अनुसार शरीरमा विभिन्न अङ्गहरू हुन्छन् र अङ्गहरूको संयुक्त रूप शरीर हो । त्यसैगरी परिवारमा विभिन्न सदस्यहरू हुन्छन् र सदस्यहरूको संयुक्त रूप परिवार हो । अङ्गहरूको संयुक्त रूप र सदस्यहरूको संयुक्त रूप नै संगति हो । संगति भनेको एक ठाउँमा जम्मा हुने कार्य हो, (हिब्रू १०:२५) जुन कार्यमा शक्ति छ ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| **श्रावण २४ गते** August 9 | श्री विष्णु देउला | श्रीमती माया तामाङ्ग | एल्डर सिद्धि खालिङ | डीकन भूपाल लामा | श्री सुचन तामाङ्ग | श्री जीवन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु |
| **श्रावण ३१ गते** August 16 | एल्डर अर्जुन ढकाल | डीकन कान्छा तामाङ्ग | डीकनेस् ज्योति शिल्पकार | श्री माया लामा | एल्डर मन ब. मगर | युवा | डीकन सिमोन भण्डारी |
| **भाद्र ७ गते** August 23 | पाष्टर सिमोन पाठक | डीकन शम्भू दंगाल | एल्डर अर्जुन ढकाल | संयुक्त सेवा नेइम सिर्जनानगर | श्री विजय तामाङ्ग | श्री अन्जान घले | पाष्टर रूबेन श्रेष्ठ |
| **भाद्र १४ गते** August 30 | एल्डर रत्नमान महर्जन | डीकनेस् रश्मिला तामाङ्ग | एल्डर हरि भण्डारी | एल्डर सिद्धि खालिङ | एल्डर रत्नमान महर्जन | डीकन ध्रुब घिमिरे | श्री सुक्रराम तामाङ्ग |
| **भाद्र २१ गते** September 6 | पाष्टर सिमोन पाठक | श्री सुचन तामाङ्ग | डीकन सुबोध अधिकारी | श्री पिटर घिमिरे | डीकन मिन ब. तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ |

### नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण २४ गते** August 9 | डीकनेस् रूसमाया तामाङ्ग | श्री फुर्का तामाङ्ग | एल्डर कृष्ण श्रेष्ठ | डीकनेस् सारा सुनार | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | डीकन उमेश मगर | एल्डर लाक्पा लामा | डीकनेस् कल्पना तामाङ्ग | डीकनेस् रमा महर्जन |
| **श्रावण ३१ गते** August 16 | पाष्टर प्रेम श्रेष्ठ | श्री राजेन्द्र घोरासैनी | डीकनेस् रमा महर्जन | एल्डर अष्ट श्रेष्ठ | डीकन श्याम तामाङ्ग | डीकनेस् रूसमाया तामाङ्ग | डीकन पवन सुनुवार | एल्डर अमृत लामा | सुश्री भुमिका सुवेदी | डीकन गोविन्द नगरकोटी |
| **भाद्र ७ गते** August 23 | डीकन सुरेन्द्र श्रेष्ठ | डीकनेस् सुधा राई | डीकन पवन सुनुवार | एल्डर अमृत लामा | श्री नर ब. श्रेष्ठ | डीकनेस् रमा महर्जन | एल्डर राज गुरूङ्ग | एल्डर अष्ट श्रेष्ठ | डीकनेस् रूसमाया तामाङ्ग | डीकन उमेश मगर |
| **भाद्र १४ गते** August 30 | डीकनेस् रमा महर्जन | डीकनेस् समी बस्नेत | एल्डर जमान घ्लान | पाष्टर प्रेम श्रेष्ठ | श्री विकाश श्रेष्ठ | श्री कृष्ण श्रेष्ठ | एल्डर लाक्पा लामा | एल्डर अमृत लामा | एल्डर गोपी राई | श्री प्रभात राई |
| **भाद्र २१ गते** September 6 | एल्डर लाक्पा लामा | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर अमृत लामा | एल्डर गोपी राई | एल्डर पेशल राई |

आत्मिक रूपमा पाको हुँदै जानको लागि यी तीन आधारभूत कुराहरू अनिवार्य छन् र यी तीन कुराहरूको अभ्यासमा जिउने एक व्यक्ति हर क्षेत्रमा परमेश्वरको भयसाथ जिउँछ ।

**आत्मिक पाकोपनको लागि रूपान्तरण हुनुपर्ने क्षेत्र:**

१. **विचार/मन/हृदय:** सबै कुराको सुरुवात विचारबाट नै हुन्छ । येशूलाई विश्वास गर्ने एक व्यक्तिको विचारमा ख्रीष्टको विचार प्रतिविम्बित छ भने यी दुईवटा क्षेत्रहरूमा बदलाउ देखिन्छ:

क. **व्यवहार:** व्यवहारमा बोली र काम संलग्न हुन्छन्, कलस्सी ३:१७ । येशूलाई विश्वास गर्ने व्यक्ति उहाँको प्रतिनिधि भएको कारणले त्यो व्यक्तिले,

१. उहाँले चाहनुभएको तरिकाले बोल्नुपर्छ । कुन समयमा बोल्ने, कुन कुरा बोल्ने, कसरी बोल्ने ? चुप लाग्ने पो हो कि !

२. उहाँले चाहनुभएको तरिकाले काम गर्नुपर्छ । काम गर्दा तरिका पुगेन भने गरिएको कामको केही अर्थ हुँदैन ।

ख. **भावना:** फिलिप्पी ४:६-७ - चिन्ता मानसिक भावना हो, तर येशूलाई विश्वास गर्ने एक व्यक्तिको सोचाइमा ख्रीष्टको सोचाइ प्रतिविम्बित छ भने त्यो मानिसको चिन्ता **"शान्ति"** मा रुपान्तरण हुन्छ । अरू क्षेत्रहरूमा पनि यसरी नै...।

अब अन्तमा, आत्मिक पाकोपन भनेको निरन्तर सुन्दर आत्मिक रूप प्राप्त गर्दै जाने जीवन्त चाल हो । यो कुरा भनेको परमेश्वरसँगको व्यक्तिगत सम्बन्धको कुरा हो अर्थात् **"म परमेश्वरसँग कति नजीक हुने"** भन्ने कुरासँग सम्बन्धित छ । उहाँसँगको नजीकपनले उहाँको पवित्रता र महानताको महसुस अझ बढी मात्रा गराउँछ । एउटा प्रश्न आफैलाई सोधौं, म परमेश्वरलाई कति मात्रामा चिन्न चाहन्छु ?

## हार्दिक बधाई



श्रावण ११ गते/जुलाई २७ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्य श्रीमती सोनी गुरूङ्गले नेपाल थियोलोजिकल कलेज (N.T.C.) बाट एम डिभ उत्तीर्ण गरी दीक्षित हुनुभएकोमा नेइम मण्डली परिवारको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| **श्रावण २४ गते** August 9 | डीकन श्रीराम सुर्खेती | श्री जीवन खालिङ | एल्डर भुवन देवकोटा | एल्डर पिटर लिम्बू | श्री कुमार सेन्चुरी | एल्डर बेन्जामिन तामाङ्ग | डीकन प्रशान्त सिंह |
| **श्रावण ३१ गते** August 16 | श्री युवराज गुरूङ्ग | श्री अमृत राई | श्रीमती पुष्पा बज्राचार्य | डीकन सुक्रराज घिमिरे | डीकन विनोद लामा | डीकन अनिल आले | डीकन डिल्ली बहादुर राइ |
| **भाद्र ७ गते** August 23 | एल्डर भुवन देवकोटा | एल्डर आमोस खालिङ | श्री डा.आनन्द न्यौपाने | एल्डर बी.एन. पण्डित | श्री किरण गुरूङ्ग | श्री लोक बहादुर पुन | श्री चन्द्र मोक्तान |
| **भाद्र १४ गते** August 30 | एल्डर नभराज के.सी. | श्री विश्वास थापा | एल्डर आनन्द न्यौपाने | एल्डर राजु श्रेष्ठ | एल्डर पिटर लिम्बू | श्री बाबुकाजी श्रेष्ठ | डीकन अनिल आले |
| **भाद्र २१ गते** September 6 | एल्डर रूद्र राई | पाष्टर शरण राई | डीकन कृष्ण नगरकोटी | एल्डर पिटर लिम्बू | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर बी.एन. पण्डित | एल्डर जोरविर राई |

### जानकारी




ललितपुर बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्रीमती मीना तामाङ्ग ५० वर्षको उमेरमा आषाढ १७ गते/जुलाई १ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



बल्खु बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्रीमती लक्ष्मी हिरा खड्गी ८० वर्षको उमेरमा श्रावण १ गते/जुलाई १७ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



काभ्रस्थली बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्रीमती सुन्तली बि.क. ७६ वर्षको उमेरमा श्रावण २ गते/जुलाई १८ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।



धोबिचौर बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री कुल बहादुर घ्लान श्रावण १२ गते/जुलाई २८ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

### जानकारी

आषाढ २१ गते/ जुलाई ५ तारिख शनिबार नेइम गाम्चा चर्चमा ५ जना र श्रावण १० गते/जुलाई २६ तारिख शनिबार नेइम जोरपाटी कपन चर्चमा १ जनाले समर्पण गर्नुभयो ।

श्रावण १० गते/जुलाई २६ तारिख शनिबार नेइम ज्ञानेश्वर चर्चमा ८८ जनाले समर्पण गर्नुभयो ।

### अगष्ट महिनाको कार्यक्रम

१. साउन ३१ गते/अगष्ट १६ तारिख शनिबार दिउँसो २:०० बजे **नेइम संयुक्त जवान संगति** नेइम ललितपुर मण्डलीमा ।

२. भाद्र १ गते/अगष्ट १७ तारिख आइतबार बिहान १०:०० बजे **उपवास प्रार्थना** आ-आफ्नो मण्डलीमा ।

## विशेष प्रार्थना

१. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं साथै येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. झरी वर्षाको समयमा डुबान, बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण दुःख, कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १८ 3<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>यूहन्ना १६:१३ | २५ 10<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | १ भाद्र 17<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् ।<br>भजनसंग्रह ७८:७०-७२ | ८ 24<br>नेइम परिषद्का गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>प्रेरित २०:२८ | १५ 31<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ |
| **सोमबार**<br>Monday | १९ 4<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२ | २६ 11<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११ | २ 18<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५, १३३ | ९ 25<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरिन्थी ३:२-३ | १६ September 1<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ |
| **मंगलबार**<br>Tuesday | २० 5<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ४:४, २ तिमोथी ३:१५-१६ | २७ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ३ 19<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | १० 26<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिष्मय बन्न सकून् ।<br>गन्ती ६:२४-२६ | १७ 2<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ |
| **बुधबार**<br>Wednesday | २१ 6<br>खेदो, सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>२ कोरिन्थी १२:८-१० | २८ 13<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:११-२४ | ४ 20<br>सबै विश्वासीहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>कलस्सी २:६-७ | ११ 27<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस् ।<br>रोमी १४:१९ | १८ 3<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **बिहीबार**<br>Thursday | २२ 7<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | २९ 14<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना छोरा छोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ११:१८-१९ | ५ 21<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४ | १२ 28<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | १९ 4<br>मण्डलीका सबै बालबालिका-हरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ |
| **शुक्रबार**<br>Friday | २३ 8<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिंड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | ३० 15<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ६ 22<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिंड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ | १३ 29<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>प्रेरित १०:१-२ | २० 5<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ |
| **शनिबार**<br>Saturday | २४ 9<br>आजको आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित १:८ | ३१ 16<br>आजको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२-४७ | ७ 23<br>युवाहरूको पढाइ, काम, व्यवसाय, विवाह, पारिवारिक जीवनका सबै क्षेत्रहरूको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:१७ | १४ 30<br>इस्राएल देशका यहूदी जातिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>आमोस ९:१३-१५ | २१ 6<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |

**परमप्रभुले जाति-जातिका योजनाहरू रद्द तुल्याउनुहुन्छ, उहाँले मानिसहरूका विचार-विमर्शलाई विफल तुल्याउनुहुन्छ । तर परमप्रभुका योजनाहरू सदा स्थिर रहन्छन्, उहाँको हृदयका विचार पुस्तौंसम्म रहिरहन्छन् । त्यो जाति धन्यको हो, जसको परमेश्वर परमप्रभु हुनुहुन्छ, ती मानिसहरू, जसलाई आफ्नो उत्तराधिकारको निम्ति उहाँले चुन्नुभयो ।** **(भजनसंग्रह ३३:१०-१२)**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,